
# सबैका लागि सरसफाइ तथा खानेपानीमा तिब्रता कार्यक्रम

# Accelerating Sanitation and Water for All (ASWA-II)

## कार्यान्वयन योजना (२०१८–२०२२)

# कञ्चनरुप नगरपालिका




## सप्तरी

### प्रदेश नं २
### चैत्र २०७४

# बिषयबस्तु तालिका


| सि.न. | बिषय | पेज न. |
| --- | --- | --- |
| १ | नगर प्रमुखको शुभकामना मन्तब्य | ३ |
| २ | कञ्चनरुप नगरपालिकाको संक्षिप्त परिचय | ४ |
| ३ | कञ्चनरुप नगरपालिको खानेपानी तथा सरसफाइको अवस्था | ४-५ |
| ४ | खानेपानी तथा सरसफाइका क्षेत्रहरु, सवलपक्षहरु र अवरोधहरु | ४-७ |
| ५ | सबैका लागि सरसफाइ तथा खानेपानीमा तिब्रता कार्यक्रम (ASWA-II) को परिचय | ८ |
| ५ | कञ्चनरुप नगरपालिकामा सबैका लागि सरसफाइ तथा खानेपानीमा तिब्रता कार्यक्रमको औचित्य | ८ |
| ६ | कार्यक्रमको ढाँचा | ९-१० |
| ७ | कार्यक्रम ब्यवस्थापन<br>क. संस्थागत ब्यवस्था<br>ख. बजेट प्रवाह<br>ग. कार्यक्रम ब्यवस्थापन तथा अनुगमन संयन्त्र<br>घ. दिगोपना<br>ङ. मुल्यांकन | १०-११ |
| ८ | अनुमानित बजेट | ११ |
| ९ | कार्यक्रम कार्यान्वयन योजना | |

# नगर प्रमुखको शुभकामना मन्तव्य

कञ्चनरुप नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कंचनपुर, सप्तरी, २ नं.प्रदेश,नेपाल

कञ्चनरुप नगरपालिका २०७३

प.स.२०७४।०७५
च.न./Ref.No. ९४९९

मिति :२०७५/२/३ गते

श्री युनिसेफ नेपाल

मन्तव्य

कञ्चनरुप नगरपालिका सप्तरीका साविकका १० वटा गाविसहरु समावेश गरी २०७३ सालमा नेपाल सरकारबाट नगरपालिका घोषणा भएको हो । यस नगरपालिकामा भौगोलिक हिसाबले उत्तरमा चुरे श्रेणीदेखि दक्षिणमा तराई मधेशको भूभाग ओगटेको छ । "कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, सञ्चार र पूर्वाधार, कञ्चनरुप नगरपालिकाको मूलआधार" भन्ने दीर्घकालीन सोच यस नगरको रहेको छ ।

कञ्चनरुप नगरपालिको सम्पूर्ण घरधुरीमा सरसफाईको पहुँच पुर्याई खुल्ला दिसामुक्त घोषणा गरिएको छ र अबको प्रयास पूर्ण सरसफाई तर्फ रहने छ । युनिसेफ नेपालबाट सञ्चालन हुन लागेको सबैका लागि सरसफाइ र खानेपानीमा तिब्रता कार्यक्रम (Accelerating Sanitation and Water for all-ASWA-II) ले हाम्रो प्रयासमा उल्लेखनीय सहयोग पुर्याउने छ ।

यस ASWA-II कार्यक्रम यस नगरपालिकाका सरोकारवालाहरुसँगको अन्तरक्रिया र व्यापक छलफलबाट प्राप्त भएका सल्लाह सुझावहरुलाई आत्मसाथ गर्दै तयार पारिएको हो । तसर्थ यस कार्यक्रमको कार्यान्वयन योजनाले खानेपानी सरसफाई तथा स्वच्छताका कार्यक्रमहरु लाई कार्यान्वयन गर्न मार्गदर्शन प्रदान गर्दछ भन्ने विश्वास लिएको छु । यस कार्यमा सहयोग र सहकार्य गर्नमा नगरपालिकाको प्रतिबद्धता व्यक्त गर्दै आर्थिक तथा प्राविधिक रुपले सहयोग गर्नुहुने DFID / UNICEF दुबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

वसन्त कुमार
बसन्त कुमार
नगर प्रमुख

## १. कञ्चनरुप नगरपालिकाको संक्षिप्त परिचय

कञ्चनरुप नगरपालिकाको क्षेत्रफल १४३.३३ वर्ग कि.मि. रहेको छ भन्ने जनसंख्या ६३,५५६ छ। यो समुद्र सतहदेखि ७५ देखि ३०० मिटर को उचाईमा अवस्थित छ । साविकका दश वटा गा.वि.स. हरु पिप्रापूर्व, धोधनपुर, जगतपुर, कञ्चनपुर, रुपनगर, बदगामा, ठेलिया, धरमपुर बरमझिया र बैरबा मिलेर बनेको हो । नेपाल सरकार मन्त्री परिषदको वि.सं.२०७१ बैशाख २५ र २०७३ फाल्गुन २२ गतेको ( सन् २०१४, मे ८ र सन् २०१७ मार्च ५ ) निर्णय बमोजिम यो नगरपालिका घोषणा भएको हो । पूर्वमा शप्तकोसी (कोशीटप्पु वन्यजन्तु आरक्ष) पशिचममा कृष्णासबरन गा.पा. र तिरहुत गा.पा., उत्तरमा सप्तकोशी न.पा. र उदयपुर जिल्लाको सिमाना र दक्षिणमा हनुमाननगर कंकालिनि न.पा. रहेका छन् । पूर्व पशिचम राजमार्गले यो नगरपालिकालाई झण्डै बीच भागमा चिर्दै गएको छ भने फत्तेपुर-भारदह-राजबिराज मार्गले पनि बीचैमा काटेको छ ।साविकको बैरवा गा.वि.स. वडा नं १(९ लाई मिसाएर वडा नं १ बनाइको छ । बरमझिया गा.वि.स.का वडा नं ३(६ र बदगामा गा.वि.स. का ५ र ६ वडालाई मिसाएर वडा नं २ बनाइएको छ । बरमझिया गा.वि.स.का १,२,७(९ र ठेलिया गा.वि.स.को वडा नं ७ लाई मिसाएर वडा नं ३ निर्माण गरिएको छ । त्यसैगरि जगतपुर गा.वि.स.का सबै वडाहरुलाई मिलाएर वडा नं ४ बनाइएको छ । पिप्रा पूर्वका सबै वडाहरुलाई मिलाएर वडा नं ५ कायम गरिएको छ । धोधनपुर गा.वि.स.का १(६ वडालाई वडा नं ६ कायम गरिएको छ । धरमपुर गा.वि.स.का १(५ र धोधनपुर गा.वि.स.का ७ र ८ वडालाई मिलाएर वडा नं ७ कायम गरिएको छ । कञ्चनपुर गा.वि.स.का पनि सबै वडाहरुलाई एकै ठाउँमा मिलाएर वडा नं ८ निर्माण गरिएको छ । रुपनगर गा.वि.स.का ५,६,८,९ र धरमपुर गा.वि.स.का ६,७, ९ मिलाएर वडा नं ९ बनाइएको छ । बदगामा गा.वि.स.का ५ र ६ बाहेकका सबै वडाहरुको समूहलाई वडा नं १० बनाइएको छ।ठेलिया गा.वि.स.का वडा नं ७ बाहेक अन्य वडाहरुलाई मिलाएर वडा नं ११ बनाई नगरपालिका निर्माण गरिएको छ भने रुपनगर गा.वि.स.का १(४,७ र धरमपुर गा.वि.स.को वडा नं ८, धोधनपुर गा.वि.स.को वडा नं ९ लाई मिलाएर वडा नं १२ बनाइएको छ ।

साविकको कञ्चनपुर गा.वि.स.को नामबाट अगाडिको आधा कञ्चन र रुपनगर गा.वि.स.को नामबाट अगाडिको नाम रुप (कञ्चन ‌ रुप) मिलाएर कञ्चनरुप नामाकरण गरिएको हो ।अहिले बेरियर रहेको ठाउँ नजिकको स्थानमा कञ्चन पोखरी थियो र कालान्तरमा कञ्चन पोखरी कञ्चनपुरमा परिणत भएको भनाई छ र हाल कञ्चनपुर बेरियरमा नगरपालिकाको कार्यालय संचालनमा छ। त्यसै गरि रुपनगरमा हात्ती, घोडा सहित लावा लश्करले राम्रो देखिएकोले रुपनगर भनिएको भन्ने भनाई पाइन्छ ।

## २. कञ्चनरुप नगरपालिको खानेपानी तथा सरसफाइको अवस्था

नगरपालिका क्षेत्रमा दीगो र व्यवस्थित स्रोत सहितको खानेपानी आपूर्ति प्रणाली विकास हुन सकेको छैन । ट्यूब वेल, इनार नगरवासीको खानेपानीको प्रमुख स्रोतका रुपमा रही आएका छन् । प्रयोगमा रहेका अन्य स्रोतहरूमा निजी धारा, सार्वजनिक धारा तथा मूल र खोलासमेत रहेका छन् । एउटै स्रोतबाट पर्याप्त र नियमित खानेपानी आपूर्तिको सुनिश्चितता नभएका कारण एउटै घरपरिवारले विभिन्न स्रोतबाट खानेपानी आपूर्ति/उपभोग गर्ने गरेको स्थिति छ । खानेपानीका लागि विभिन्न स्रोतहरुको प्रयोग भइरहेको अवस्थामा विभिन्न घरपरिवारको खानेपानीको प्राथमिक स्रोत (सम्बन्धित घरपरिवारको खानेपानीको मुख्य स्रोत) देहाय अनुसार रहेको छ

**तालिका २. १. खानेपानीको प्राथमिक स्रोत**

| | **कंञ्चनरुप नगरपालिका** | | |
|---|---|---|---|
| **सि.न.** | खानेपानीको प्राथमिक स्रोत | घर संख्या | प्रतिशत |
| 1 | निजी धारा | 68 | 0.67 |
| 2 | ट्यूबेल | 9848 | 96.62 |
| 3 | इनार/कुवा (ढक्कन भएको) | 11 | 0.11 |
| 4 | इनार/कुवा (खुल्ला) | 39 | 0.38 |
| 5 | नदि कुलो नहर पोखरीको पानी प्रयोग गर्ने | 23 | 0.23 |
| 6 | मुलको पानी प्रयोग गर्ने | 0 | 0.00 |
| 7 | अन्य | 203 | 1.99 |
| | **जम्मा** | **10192** | **100** |
| | | | **श्रोत : केतवि, २०६८** |

यस कञ्चनरुप नगरपालिकामा शत प्रतिशत घरमा चर्पी रहेको छ । यद्यपी अनुगमन गर्ने क्रमामा ३७८ घरधुरीले पर्ण रुपले शौचालयको प्रयोग गरिएको नपाइएका अवस्था रहेको छ । वडागत रुपमा सरसफाइ सुविधाको अवस्था यस प्रकार रहेको छ ।

**तालिका २.२ चर्पीको उपलब्धता**

| वडा नं. | कुल घरपरिवार सख्या | चर्पी भएका घरपरिवार | चर्पी नभएका घर संख्या |
|---|---|---|---|
| 1 | 854 | 854 | |
| 2 b]lv 10 | 9197 | 9197 | |
| 11 | 831 | 831 | |
| प्रतिसत | | 100 | 22.3 |

*स्रोत: जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिसेम्बर २०१७*

## ३. खानेपानी तथा सरसफाइमा काम गर्ने संघसंस्थाहरु

सरसफाइमा काम गर्ने संघसस्था अहिले नभएको अवस्था छ ।

## ४. खानेपानी तथा सरसफाइका अवरोधहरु

नगरपालिका स्तरीय ASWA -II को योजना तर्जुमा गोष्ठीमा भएको छलफलको आधारमा निम्नलिखित सवल पक्ष र अवरोधहरु विश्लेषण गरिएको छ ।

| क्षेत्रहरु | सवल पक्ष | अवरोधहरु |
|---|---|---|
| नीति तथा रणनीति | • जिल्ला र पालिकाको खुला दिसामुक्त अभियानको रणनीतिक योजना छ ।<br>• खुला दिसा गर्न हुँदैन भन्ने नयाँ मान्यताको शुरु भैरहेको छ ।<br>• शौचालय निर्माणको लागि नगरपालिकाबाट विपन्नहरुको लागि सहयोग गरिएको । | • नगरपालिकाको WASH Plan छैन ।<br>• खुला दिसा मुक्त अभियानलाई निरन्तरता दिन सामाजिक नीति नियम स्थापित भएको छैन, जुन अत्यन्त जरुरी छ ।<br>• भान्सा सफा हुनुपर्छ भन्ने छ तर शौचालय सफा हुनुपर्छ भन्ने मान्यता स्थापित हुन सकेको छैन ।<br>• साबुन पानीले हातधुने बानी सामाजिक मान्यताको रुपमा स्थापित छैन ।<br>• अझैपनि धैरै मानिसमा खुल्ला रुपमा दिसापिसाब गर्ने पुरानो बानी हटेको छैन ।<br>• साना शहरी योजनाबाट शौचालय निर्माणमा बढी अनुदान गरिएको र साना शहरी योजनाको कार्यक्रम क्षेत्र बाहिर सहयोग नभएकोले अभियान सञ्चालनमा समस्या भएको ।<br>• चर्पी र स्वच्छताको क्षेत्र भनेको अन्य संघ संस्थाले निर्माण गरिदिने कुरा हो भन्ने मान्यता समाजमा विद्यमान छ । |
| संस्थागत ब्यबस्था | • जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति क्रियाशिल छ ।<br>• नगरपालिका तहमा नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको छ । | • वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन कुनै पनि वडामा भएको छैन ।<br>• कार्यक्रम ब्यबस्थापनको लागि जिम्मेवार शाखा र ईकाइ गठन भएको छैन । |

| | | |
|---|---|---|
| वित्तीय | • समुदायबाट खानेपानीको योजनाहरुको लागि वजेट र योजना माँग छ तर सरसफाइको लागि योजना र वजेट माँग छैन । | • शौचालय निर्माणको लागि अनुदानको माग बढी छ । विपन्न समुदाय र जग्गा नभएकाहरुको लागि शौचालय निर्माणको लागि बढी लगानी गर्न आवश्यक छ तर त्यस बमोजिम लगानीको लागि स्रोत कम छ । |
| योजना र अनुगमन | • नेपाल सरकारको नयाँ संघीय संरचना र यसको अधिकारमा क्षेत्रभित्र आफ्नो पालिकाको सहभागितात्मक योजना निर्माण गर्ने ब्यबस्था सुनिश्चित गरेको छ ।<br><br>• जिल्ला स्तरीय खुला दिसामुक्त योजना निर्माण गरी कार्यान्वयन भैरहेको छ ।<br><br>• यस नगर पालिकाको खुला दिसामुक्त सम्बन्धी कार्य योजना छ । | • निर्माण भएका शौचालयहरु मध्ये झण्डै एक तिहाइ सफा र प्रयोग योग्य छैनन् ।<br><br>• धेरै घरका चर्पीहरुमा उपयुक्त वायुद्वार ( Ventilation), ढोका र छाना छैनन । मर्मत सम्भार गर्ने प्रचलन कम छ । केही जाती विशेषमा पुरुषहरु आफ्नो शौचालय र घरको अन्य सरसफाइ गर्ने काम पनि गर्दैनन् ।<br><br>• निर्माण शौचालय बाल मैत्री र अपाङ्ग मैत्री नभएको |
| क्षमता अभिवृद्धि | • खुला दिसामुक्त अभियानमा समुदाय स्तरमा आवश्यक प्रज्वलक तथा सरसफाइ स्वंसेवकहरु छन् ।<br><br>• जिल्ला तहमा आवश्यक मात्रमा प्रशिक्षकहरु छन् ।<br><br>• खानेपानी र सरसफाइ सम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामग्री उपलब्ध छ । विकास साझेदार संस्थाहरुको जनशक्ति संचालित अभियानमा परिचालन गरिएको छ । | • खानेपानी र सरसफाइको क्षेत्रमा नगरको आफ्नै जनशक्ति छैन । |

## ५.सबैका लागि सरसफाइ तथा खानेपानीमा तिब्रता कार्यक्रमको परिचय

नेपालले विगतका केहि वर्षहरुमा खानेपानी तथा सरसफाइको क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गरेको छ । हालको नेपालको सरसफाइ ९६ प्रतिशत पुगेको छ भने ८५ प्रतिशत जनसंख्यामा खानेपानी सुविधाको पहुँछ छ । स्रोतः खानेपानी तथा ढल निकास विभाग २०७४ ।

नेपाल सरकारको नेतृत्वमा भएको यो अभियानमा विभिन्न विकास साझेदासका साथै युनिसेफ नेपालको पनि योदान रहेको छ । सन् २०१३ देखि २०१७ मा ५ वर्षको युनिसेफ नेपालको Country Program अन्तर्गत सञ्चालित Accelerating Sanitation and water for All कार्यक्रमले पनि योगदान गरेको छ । त्यसैको सिकाइ र उपलब्धीको आधारमा सन् २०१८ देखि २०२२ सम्मको युनिसेफ नेपालको राष्ट्रिय योजना अन्तर्गत पनि प्रदेश नं. २ का ८ वटै जिल्लाका ४० भन्दा बढी गाँउपालिका तथा नगरपालिकाहरुमा सबैका लागि सरसफाइ तथा खानेपानीमा तिव्रता कार्यक्रम सञ्चालन गर्न लागिएको छ । यो नगरपालिका पनि यस मध्येको एक हो ।

## ६ कञ्चनरुप नगरपालिकामा सबै र सधैका लागि सरसफाइ तथा खानेपानी कार्यक्रमको औचित्य

खानेपानी सरसफाई तथा स्वछता यस नगरपालिकाको प्रमुख प्राथमिकताको क्षेत्र हो । अझ पनि यस नगरपालिकाको ६३५५६ (जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको सर्वेक्षण) जनसंख्या मध्ये ७१ प्रतिशतको खानेपानीमा पहुंच १०० प्रतिशतमा सरसफाइ सुविधा पुगेको छैन । भएका शौचालयहरुमध्ये करीव एक तिहाइमात्र सञ्चालनमा छन भनै अन्य शौचालय प्रयोगमा ल्याउन यस कार्यकमको आवश्यक छ । जम्मा ३० स्कुल मध्ये बिद्यालयहरुमा आधारभूत शौचालय र खानेपानीको सुबिधा छ । विद्यालयमा भएका शौचालयहरु मध्ये ४३ प्रतिशत प्रयोग विहिन तथा प्रयोग गर्न लायक छैनन । विद्यालयहरुमा भएका खानेपानी र सरसफाइ सुविधा सञ्चालनमा ल्याउन पनि यो कार्यकमको आवश्यक्ता छ ।

स्वच्छताको हिसावले यो समुदायमा कति प्रतिशत घरमा मात्र साबुनको उपलब्धता छ भन्ने तथ्यांङ्ग नै छैन । महत्वपूर्ण समयमा हात धुने मानिसको संख्या पनि कमी नै छ । यसमा ब्यापक परिवर्तन ल्याउन पनि यो कार्यकमको आवश्यक्ता छ ।

स्वास्थ्य संस्थाहरुमा भएका खानेपानी र सरसफाइ सुविधा पनि झण्डै २५ प्रतिशत सेवाग्राहीहरुका लागि प्रयोग योग्य छैन र पहुँचमा पनि छैन ।

## ७. कार्यकमको ढाँचा

### क. लक्ष्य

लक्षित क्षेत्रका गरिब जनता, विशेषगरी महिला तथा बालबालिकाको स्वास्थ्य, पोषण तथा जीवनस्तर सुधारिएको हुनेछ ।

### ख.नतिजा

लक्षित क्षेत्रका गरिब तथा संकटासन्न जनता, बिशेषगरी महिला तथा बालबालिकाले सुरक्षित खानेपानी तथा सरसफाइका सेवाहरु र स्वच्छताका अभ्यास दिगो रुपमा उपभोग गरेका हुनेछन् ।

**ग.कार्यक्रम क्षेत्र**

यस नगरपालिकाको १ देखि १२ वडाहरु मध्ये सबै वडाहरुमा  यो कार्यक्रम सञ्चालन हुनेछ ।

**घ) उपलब्धि र क्रियाकलापहरु**

सन् २०१८ देखि २०२० सम्म कार्यान्वयन चरण र २०२१ देखि २०२२ सम्म अनुगमन चरण सञ्चालन हुनेछ । यस अवधिमा कार्यक्रमको उपलब्धी यस प्रकार हुनेछ ।

| उपलब्धी नं. | उपलब्धी | क्रियाकलाप |
|---|---|---|
| **उपलब्धि १** | • ३७८ शौचालय निर्माण भै आधारभूत सरसफाइमा पहुँच पुगेको हुनेछ ।<br>• खुला दिसामुक्त घोषणा भएका समुदाय मध्ये ९० प्रतिशत समुदायले निरन्तरता पाउनेछन् ।<br>• | • ३७८ घरमा सुधारिएको चर्पी निर्माणमा सहजिकरण<br>• खुला दिसा मुक्त क्षेत्र घोषणा र त्यसको दीगोपना<br>• साबुनपानीले हात धुने कार्यको प्रवर्द्धन<br>• |
| **उपलब्धि २** | • लक्षित क्षेत्रका ५५० जनताको आधारभूत र सुरक्षित खानेपानीको सुविधामा उपभोग गरेका हुनेछन् र ३ वटा समुदाय सुरक्षित पानी पिउने समुदायको रुपमा घोषणा हनेछ । | • खानेपानी योजना निर्माण र पुनःनिर्माण<br>• खानेपानी सुरक्षा  र खानेपानी सुरक्षा योजना तयार तथा कार्यान्वयन<br>• पानी शुद्धकरणका विधीहरुको प्रवर्धन<br>• |
| **उपलब्धि ३** | • २ वटा विद्यालय र १ वटा स्वास्थ्यसंस्थामा उपयुक्त र प्रभावकारी व्यवस्थापन गरिएका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरु निरन्तर प्रयोगमा रहनेछन् । | • विद्यालयमा खानेपानी, शौचालय र सामुहिक हातधुने सुविधा निर्माण, ब्यबस्थापन र सञ्चालन<br>• साबुन पानीले हातधुने अभियान सञ्चालन<br>• बाल क्लव गठन र परिचालन<br>• महिनावारी सरसफाइ ब्यबस्थापन<br>• स्वास्थ्य संस्थाहरुमा खानेपानी, शौचालय र हातधुने सुविधा निर्माण<br>• साबुन पानीले हातधुने सुविधाहरुको निर्माण, संचालन र दीगोपना<br>• |
| **उपलब्धि ४** | • नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छतालाई सबलिकरण गर्न नगरको खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी योजना निर्माण भै कार्यान्वयन भएको हुनेछ | • आधारभूत सर्वेक्षण<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता योजना<br>• क्षमता विकास क्रियाकलाप<br>• संस्थागत विकास<br>• |

## ८. कार्यक्रम ब्यवस्थापन

### क. संस्थागत ब्यबस्था

नगरपालिकामा रहने मुख्य संगठनात्मक ढाँचाको आधारमा कार्यक्रम ब्यबस्थापनको लागि उपयुक्त सहायक संरचनाहरु खडा गरिनेछ । जस्तैः सबैभन्दा माथिल्लो निकायमा नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ र त्यसको मातहतमा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र वडा समन्वय समितिका मातहतमा बिद्यालय स्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय एवं खानेपानी तथा सरसफाइ उपभोक्ताहरु रहनेछन् । कार्यक्रम कार्यान्वयनको लागि टोल विकास संस्थाहरुलाई पनि आधारभूत संगठनको रुपमा परिचालन गरिनेछ ।

### ख.बजेट प्रवाह

नेपाल सरकारको संघीय वजेट ब्यबस्थापन नीति अनूरुप युनिसेफ नेपालबाट वजेट प्रवाह गरिने ब्यबस्था मिलाइनेछ ।

### ग. कार्यक्रम ब्यवस्थापन तथा अनुगमन संयन्त्र

खानेपानी तथा सरसफाइ कार्यक्रम यस नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गत राखिनेछ । उक्त शाखामा यो कार्यक्रम ब्यस्थापनका लागि एकजना सम्पर्क ब्यक्ति तोकिनेछ । आवश्यक्ता अनुसार शाखाले खानेपानी तथा सरसफाइ इकाइ स्थापना गर्न सक्नेछ । साथै नगरपालिकाले साझेदार संस्थाको सहकार्यमा आवश्यक कर्मचारीहरुको ब्यबस्था गर्नेछ । कार्यक्रमको अनुगमनको लागि अलग्गै अनुगमन योजना तयार गरी कार्यान्वयमा ल्याइनेछ । सोही बमोजिम प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने र अभिलेखीकरणका गरिनेछ ।

### घ. दिगोपना

सबैका लागि सरसफाइ तथा खानेपानीमा तिब्रता कार्यक्रम कार्यअवधी ५ बर्षको हुनेछ । जस मध्ये ३ बर्षको अवधी योजना कार्यन्वयन चरण र बाँकी २ बर्षको अवधी योजना अनुगमन, मुल्याङ्कन र सुपरिवेक्षणको हुनेछ । कार्यक्रमको दिगोपना नै यस कार्यक्रमको मुख्य उद्धेश्य रहेकको छ। यो कार्यक्रमको दिगोपनाको लागि स्थानीय सरकारको सरसफाइ तथा खानेपानी योजनाको मुल प्रवाहमा समाहित गराइ यसको दिगोपन सुनिश्चित गरिनेछ । कार्यक्रमको प्रत्येक चरण जस्तै योजना निर्माण, कार्यन्वयन, अनुगमन तथा मुल्यांकन र लाभहरुको बाँडफाँडमा लक्षित वर्गको सहभागिताको सुनिश्चितता गराइने छ । कार्यक्रमको प्रत्येक चरणमा निश्चित मापदण्ड बनाइ योजना अनुगमन गरिने छ ।

**ङ . मुल्यांकन**

तेस्रो पक्षद्धारा कार्यक्रमको शुरुवात , मध्य तथा अन्तिममा गरी तीन चरणमा आधारभुत सर्वेक्षण तथा मुल्यांङ्कन गराइने छ । मुल्यांङ्कन प्रतिवेदनका आधरमा आएका सुझावहरुलाई बिभिन्न तहमा छलफल गरि आगामी योजना र रणनीति र तय गरिने छ ।

**१०. बजेट**

यस कार्यक्रमको कूल वजेट रु. ६०,७४,०००.०० युनिसेफ नेपालबाट उपलब्ध गराइनेछ । यो वजेट नतिजाको आधारमा तय गरिएको छ । यो वजेट र कार्यक्रम नगर सभाबाट पारित गरिने छ ।

## सबैका लागि सरसफाइ तथा खानेपानीमा तिब्रता कार्यक्रम (Accelerating Sanitation and Water for All (ASWA-II) _

| मुख्य उपलब्धी | मुख्य क्रियाकलाप | लक्षित जनसंख्या | वजेट: कार्यक्रम वर्ष २०१८ देखि: कन्चनरुपनगर पालिका | वजेट: कार्यक्रम वर्ष २०१८ देखि: युनिसेफ नेपाल | वजेट: अनुगमन तथा मुल्यांकन वर्ष: पालिका | वजेट: अनुगमन तथा मुल्यांकन वर्ष: युनिसेफ नेपाल | जम्मा वजेट |
|---|---|---|---|---|---|---|---|
| उपलब्धि १: ३७८ घरमा शौचालय निर्माण भै आधारभूत सरसफाइ र स्वच्छतामा पहुँच पुगेको हुनेछ र खुला दिसामुक्त घोषणा भएका समुदाय मध्ये ९० प्रतिशतले निरन्तरता पाउनेछन् । | | | | | | | |
| | ☐ ३७८ घरमा सुधारिएको चर्पी निर्माणमा सहजिकरण<br>☐ खुला दिसा मुक्त क्षेत्र घोषणा र त्यसको दीगोपना<br>☐ स्वच्छता अभियान (साबुनपानीले हात धुने कार्यको प्रवर्द्धन र महिनावारी सरसफाइ प्रवर्द्धन),<br>☐ साना बालबालिकाहरुको दिसा व्यवस्थापन | १,९६६ | | ४००,००० | | १८७,००० | ५८७,००० |
| उपलब्धी २: लक्षित क्षेत्रका ५५० जनसंख्यामा आधारभूत र सुरक्षित खानेपानीको सुविधामा पहँच पुगेको हुनेछ र ३ वटा समुदाय सुरक्षित पानी पीउने समुदायको रुपमा घोषणा भएको हुनेछ । | | | | | | | |
| | ☐ खानेपानी योजना निर्माण र पुनःनिर्माण<br>☐ खानेपानी सुरक्षा योजना तयार तथा कार्यान्वयन<br>☐ पानी शुद्धीकरणका विधीहरुको प्रवर्धन र प्रयोग | ५५० | | २,०६९,००० | | ३१८,००० | २,३८७,००० |
| उपलब्धी ३: तीन वटा विद्यालय र एकवटा स्वास्थ्यसंस्थामा उपयुक्त र प्रभावकारी व्यवस्थापन गरिएका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरु निरन्तर प्रयोगमा रहनेछन् । | | | | | | | |
| | ☐ विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी, शौचालय र सामुहिक हातधुने सुविधा निर्माण, व्यवस्थापन र सञ्चालन<br>☐ विद्यालय र स्वास्थ्य संस्थामा साबुन पानीले हातधुने अभियान सञ्चालन<br>☐ विद्यालयमा बाल क्लव गठन र परिचालन<br>☐ विद्यालय र स्वास्थ्य संस्थामा महिनावारी सरसफाइ व्यवस्थापन | ३ | | ६००,००० | | १००,००० | ७००,००० |
| उपलब्धी ४: नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छतालाइ सबलिकरण गर्न नगरको खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी योजना निर्माण भै कार्यान्वयन भएको हुनेछ । | | | | | | | |
| | ☐ आधारभूत र अद्यावधिक सर्भेक्षण एवं अभिलेखीकरण<br>☐ पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा<br>☐ क्षमता विकास र ज्ञान व्यवस्थापन<br>☐ संस्थागत सुद्दीढिकरण र परिचालन<br>☐ प्राविधिक सहयोग र सामाजिक परिचालन | १ | | १,५००,००० | | ९००,००० | २,४००,००० |
| | जम्मा | | ( | ४,५६९,००० | ( | १,५०५,००० | ६,०७४,००० |

कन्चनरुप नगरपालिका २०७३